नेपाल नागरिक उड्डयन प्राधिकरण

**नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान**

सानोठिमी भक्तपुर ।

# Basic ARFF-009 तालीमका प्रशिक्षार्थीलाई प्रवेशपत्र वितरण तथा परीक्षा संचालन सम्बन्धी सूचना

नेपाल नागरिक उड्डयन प्राधिकरण नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानद्धारा संचालन गर्न लागेको आधारभुत विमानस्थल उद्धार तथा अग्नि नियन्त्रण **(Basic Aerodrome Rescue and Fire Fighting Course-009)** तालीमका लागि मिति २०७४/०२/२३ र २४ गते प्रकाशन गरिएको दरखास्त आब्हानको सूचना बमोजिम तोकिएको समय भित्र प्राप्त हुन आएका दरखास्त फाराम पेश गर्ने प्रशिक्षार्थीहरुलाई प्रवेशपत्र वितरण तथा प्रयोगात्मक परीक्षा (Physical Fitness Assessments and Physical Measurement and Grading:-Height, Weight and Chest) संचालन सम्बन्धी आवश्यक जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

**प्रवेशपत्र वितरण गर्ने स्थान, मिति र समय :-**

स्थानः नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान, सानोठिमी, भक्तपुर ।

मिति २०७४/०४/०९ गते सोमवार देखि

समयः- विहान १०:३० देखि वेलुका ०४:३० बजेसम्म ।

प्रशिक्षार्थीले प्रवेशपत्र प्राप्त गर्नको लागि स्वयम उपस्थिति भै नेपाली नागरिकता वा मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्र पेश गर्नु पर्नेछ ।

**परीक्षा संचालन हुने स्थान, मिति र समय :-**

स्थानः- राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगंज, काठमाडौं ।

देहायको रोल नम्वर कायम गरिएका प्रशिक्षार्थीहरुले नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानले वितरण गरेको प्रवेशपत्रका साथ निर्धारित स्थान र समयमा उपस्थिति भैसक्नु पर्नेछः-

| सि न | मिति | रो. नं. | सिफ्ट | समय |
|---|---|---|---|---|
| १ | २०७४/०४/२० गते शुक्रबार | ००१ देखि २०० सम्म | विहान (पहिलो सिफ्ट) | ०८:०० बजे देखि |
| २ | २०७४/०४/२० गते शुक्रबार | २०१ देखि ४०० सम्म | बेलुका (दोस्रो सिफ्ट) | ०३:०० बजे देखि |
| ३ | २०७४/०४/२१ गते शनिबार | ४०१ देखि ६०० सम्म | विहान (पहिलो सिफ्ट) | ०८:०० बजे देखि |
| ४ | २०७४/०४/२१ गते शनिबार | ६०१ देखि ८३६ सम्म | बेलुका (दोस्रो सिफ्ट) | ०३:०० बजे देखि |

परीक्षा संचालन विहान ०८:०० बजे देखि र बेलुका ०३:०० बजे देखि संचालन हुने भएकोले प्रशिक्षार्थीहरुले सो समय भन्दा आधा घण्टा अगाडी नै उपस्थित भैसक्नु पर्नेछ ।

साथै थप जानकारीको लागि नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान सानोठिमी भक्तपुरको टेलिफोन नम्बर ०१- ५६३९४०४, ०१-५६३९७०८ मा सम्पर्क राख्न सकिनेछ । यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको वेभ साइट www.caanepal.org.np मा पनि हेर्न सकिनेछ ।